बैठक संख्या १२

आज मिति २०८२/१२/०३ गते मंगलबारका दिन यस आ.व. २०८२/०८३ अन्तर्गत रामपुर नगर कार्यपालिकाको बाह्रौं कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण बहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल बहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

अन्य उपस्थित

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | युवराज पन्थी | प्रशासकीय अधिकृत | |
| २. | निलकण्ठ वस्याल | स.क.अ. | |
| ३. | विक्रम बोटे | का.स. | |

रामपुर नगरपालिकाको आ.व. २०८२/०८३ को बाह्रौं कार्यपालिकाको बैठकको

प्रस्तावहरु

१. अघिल्लो कार्यापालिका बैठकको समिक्षा ।

२. विपद् पूर्वतयारी सम्बन्धी छलफल सम्बन्धमा ।

३. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System – LGPAS) मा सम्बन्धी छलफल सम्बन्धमा

४. विविध

निर्णयहरु

१. निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/११/०३ गते बसेको ११ औं कार्यपालिका बैठकको समिक्षा तपसिल बमोजिम गरियो ।

१. मगर समुदायको बाहुल्यता रहेको यस नगरपालिकामा ४४ औ राष्ट्रिय मगर एकता दिवसको अवसरमा मिति २०८२/११/१५ गते नगरपालिका मातहतका सम्पूर्ण कार्यालयहरु, शिक्षण संस्था, स्वास्थ्य संस्था र अन्य सार्वजनिक संघ संस्थाहरुमा सार्वजनिक बिदा दिने निर्णय गरियो ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा गर्मीयाममा हुन सक्ने आगलागी तथा अन्य विपद्को जोखिमलाई न्यूनीकरण गर्न समुदायमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, नगर प्रहरी, ड्राइभर तथा कार्यालय सहयोगीहरूलाई नमुना अभ्यास सहितको तालिम प्रदान गर्ने र साथै विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने अग्नी रेखा निर्माण गर्न Air Blower, वाटर ब्याग, फायर बल, ग्यास मास्क, तथा आल्मुनियम बाल्टी लगायतका उद्धार सामग्रीहरू व्यवस्थापन गर्ने निर्णय गरियो

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System – LGPAS) सम्बन्धी तालिम लगायत विभिन्न विषयहरुमा नगर कार्यपालिका बैठकका सदस्यज्यूहरु साथै कर्मचारीहरुको सहभागितामा संचालन गर्ने निर्णय गरियो ।

४. निर्णय नं.४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा उर्जा विकास उप-समिति गठन तथा संचालन कार्यविधि, २०७७ को परिच्छेद २, दफा ३ बमोजिम तपसिल बमोजिमको उर्जा विकास उप-समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

क) संयोजक,कृष्ण बहादुर दर्जी, वडाध्यक्ष, रा.न.पा-२

ख) सदस्य, महेन्द्र आचार्य, रा.न.पा-५

ग) सदस्य, माधव खड्का, रा.न.पा-२

घ) सदस्य, हरि पोखेल, रा.न.पा-३

ङ) सदस्य, गौतम सुनार, रा.न.पा.-७

च) सदस्य, तेज माया खड्का, रा.न.पा-६

छ) सदस्य, विष्णु मल्ल, रा.न.पा.-४

५. निर्णय नं. ५, प्रस्ताव नं. ४ माथि छलफल गर्दा इलाका प्रहरी कार्यालय, रामपुर, पाल्पाको पत्र संख्या २०८२/०८३, मिति २०८२/१०/२३ गतेको पत्रानुसार उक्त कार्यालयको नाममा रहेको एक मात्र ४ पाङ्ग्रे सवारी साधन ना.१.झ १३१८ नं. को स्कोर्पियो गाडी पटक-पटक बिग्रिएर समस्या भएको, गाडिको टर्वो लगायतका पाटपुर्जाहरुमा खराबी आई इन्जिन समेत मर्मत गर्नु पर्ने भएकोले उक्त सवारी साधन मर्मत गर्नका लागि आवश्यक सहयोग गरिदिनुहुन भनि लेखी आएकोले रु ३५,०००/-(रु पैतिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

६. निर्णय नं. ६, प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिल बमोजिमको विवरण भएका व्यक्तिलाई तपसिल बमोजिमको शिर्षकबाट कट्टा हुने गरी सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | भुक्तानी पाउने व्यक्ति /संस्थाको नाम | ठेगाना | विवरण | शीर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | लक्ष्मी सुनारी | रामपुर ४ | निजको छोरा दिल बहादुर सुनारी आन्द्राको समस्या भई उपचाररत रहेकोले उपचारका लागि आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १२००० (रु बाह हजार मात्र) |
| २ | बुद्धिमाया कामी | रामपुर ७ | निजको बुहारी मंगली विक मृगौला सम्बन्धी रोगबाट ग्रसित भई उपचाररत रहेको र उपचारका लागि घरको आर्थिक अवस्था कमजोर रहेकोले आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १२०००(रु बाह हजार मात्र) |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | पूर्णिमा आले | रामपुर ४ | निजको श्रीमान शेर बहादुर आले मृगौला रोगबाट ग्रसित भई उपचाररत रहेकोले उपचारका लागि घरको आर्थिक अवस्था कमजोर रहेकोले आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १२०००(रु बाह्र हजार मात्र) |
| ४ | रामकृष्ण भण्डारी | रामपुर १० | जेष्ठ नागरिक स्कुल बसमा यात्रा गर्दा ढोकाले हात च्यापी औँलामा गम्भिर चोट लागेकोले उपचारका लागि आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १२०००(रु बाह्र हजार मात्र) |
| ५ | सरिता सार्की | रामपुर २ | निजको छोरी सुनिता नेपालीको मृत्यु भएकोले काजक्रिया खर्चका लागि आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १२०००(रु बाह्र हजार मात्र) |
| ६ | सिता क्षेत्री | रामपुर १ | निजको श्रीमान दिल बहादुर क्षेत्रीको मृत्यु भएको र काजक्रिया खर्चका लागि घरको आर्थिक अवस्था कमजोर रहेकोले आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १००००(रु दश हजार मात्र) |
| ७ | मन बहादुर दर्मै | रामपुर १० | निजको उच्च रक्तचापका कारण शरिरको एकतर्फको अंगमा समस्या आएको र औषधि उपचारका लागि आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १००००(रु दश हजार मात्र) |
| ८ | तिल बहादुर विक | रामपुर ८ | निजको श्रीमती छविसरा विक आन्द्राको क्यान्सर रोगबाट ग्रसित भई उपचाररत रहेको र थप उपचारका लागि घरको आर्थिक अवस्था कमजोर रहेकोले आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १५०००(रु पन्ध्र हजार मात्र) |
| ९ | सुब्बा सार्की | रामपुर ५ पाल्पा | निजको आमा मंगली सार्कीको मृत्यु भएकोले काजक्रिया खर्च माग | विपद् व्यवस्थापन कोष | १५०००(रु पन्ध्र हजार मात्र) |
| १० | टोपली सरा पचभैया | रामपुर १० पाल्पा | निजको शिररको बायाँ अंगमा समस्या आएको र उपचारमा समस्या भएकोले आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १२०००(रु बाह्र हजार मात्र) |
| ११ | श्री बहादुर बोटे | रामपुर ३ पाल्पा | निजको पत्नी विमला बोटे मुटु रोगबाट ग्रसित भई उपचारका लागि आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १२०००(रु बाह्र हजार मात्र) |
| १२ | विना कुमारी श्रेष्ठ | रामपुर ९ पाल्पा | दुर कुमारी श्रेष्ठको निधन भएको र निजको कोही नभएकोले काजक्रिया खर्चका लागि आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १००००(रु दश हजार मात्र) |
| १३ | पोत बहादुर घर्ती | रामपुर ६ पाल्पा | निजको पोत बहादुर घर्ती बिरामी भई उपचाररत रहेको र थप उपचारका लागि आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १५०००(रु पन्ध्र हजार मात्र) |
| १४ | तुलसी गौतम | रामपुर ५ पाल्पा | निजले सञ्चालन गरेको प्याराडाईज रेष्टुरेण्टमा आगलागी भई क्षति भएकोले राहत सहयोग माग | विपद् व्यवस्थापन कोष | ३५०००(रु पैतीस हजार मात्र) |
| १५ | वसी कुमाल | रामपुर १० पाल्पा | निजको बायाँ खुट्टामा समस्या आएको र उपचारका लागि आर्थिक अभाव भएकोले आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १५०००(रु पन्ध्र हजार मात्र) |
| १६ | सुस्मिता अस्लामी | रामपुर ९ पाल्पा | निजको सासु आमा खेमीसरा अस्लामीको मृत्यु भएको र घरको आर्थिक अवस्था कमजोर रहेकोले काजक्रिया खर्चका लागि आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १००००(रु दश हजार मात्र) |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | गाम बहादुर आले | रामपुर ७ पाल्पा | निजको खेत वर्षा र बाढीका कारण क्षति पुगेकोले संरक्षणका लागि तटबन्धका लागि आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १५,०००(रु पन्ध्र हजार मात्र) |
| १८ | राम बहादुर कुमाल | रामपुर २ पाल्पा | निजको श्रीमति चन्द्री माया कुमाललाई पाठेघरको क्यान्सर भई विरामी भएको र उपचारका लागि आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १२०००(रु बाह हजार मात्र) |
| १९ | सिता कामी | रामपुर २ पाल्पा | निजको श्रीमान राम बहादुर कामी मृगौला रोगबाट ग्रसित भई उपचाररत रहेकोले थप उपचारका लागि आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १५०००(रु पन्ध्र हजार मात्र) |
| २० | खिम कुमारी थापा | रामपुर २ पाल्पा | निजको श्रीमान दान बहादुर थापाको ट्युमरबाट ग्रसित भई उपचाररत र थप उपचारका लागि आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १५०००(रु पन्ध्र हजार मात्र) |
| २१ | शान्ती सुनार | रामपुर ८ पाल्पा | निजको छोरा आयुस सुनार विरामी भई उपचाररत रहेकोले थप उपचारका लागि आर्थिक सहयोग माग | विपद् व्यवस्थापन कोष | १२०००(रु बाह हजार मात्र) |
| २२ | सुकमाया कामी | रामपुर २ पाल्पा | निजको छोरा तेज बहादुर कामी विरामी भएको र उपचारका लागि आर्थिक अभाव रहेकोले आर्थिक सहायता माग | विपद् व्यवस्थापन कोष | १२०००(रु बाह हजार मात्र) |
| २३ | आर एस आर्ट्स एण्ड स्टिकर | रामपुर पाल्पा | शहिद सूर्य घिमरे प्रतिष्ठान भवनमा भित्ते लेखन | | ११९००(रु एघार हजार नौ सय) |
| २४ | समाज कल्याण महिला समूह | रामपुर ६ पाल्पा | सामूहिक प्रयोजनका लागि विभिन्न भाँडाकुँडा माग | विभिन्न संघ, संस्था संचालन तथा व्यवस्थापन खर्च शीर्षक | ५००००(रु पचास हजार मात्र) |
| २५ | कुमाल महिला समाज | रामपुर ६ पाल्पा | सामूहिक प्रयोजनका लागि विभिन्न भाँडा कुडा माग | विभिन्न संघ, संस्था संचालन तथा व्यवस्थापन खर्च शीर्षक | ५००००(रु पचास हजार मात्र) |
| २६ | दिपज्योती आमा समूह | रामपुर ६ पाल्पा | सामूहिक प्रयोजनका लागि विभिन्न भाँडा कुडा माग | विभिन्न संघ, संस्था संचालन तथा व्यवस्थापन खर्च शीर्षक | ५००००(रु पचास हजार मात्र) |
| २७ | श्री नवदुर्गा माध्यमिक विद्यालय | रामपुर ६ पाल्पा | उक्त विद्यालयमा बाल उद्यान निर्माण गरिएकोमा उक्त विद्यालयको भूइमा कार्पेट व्यवस्था गर्नका लागि आवश्यक रकम | विभिन्न संघ, संस्था संचालन तथा व्यवस्थापन खर्च शीर्षक | रु २२,०००/-(रु बाइस हजार मात्र) |
| २८ | जनज्योती कुमाल आमा समूह | रामपुर ६ पाल्पा | उक्त आमा समूहलाई भाडा र टेन्ट आवश्यक परेकोले आर्थिक सहयोग | विभिन्न संघ, संस्था संचालन तथा व्यवस्थापन खर्च शीर्षक | ५००००(रु पचास हजार मात्र) |

७. निर्णय नं. ७, प्रस्ताव नं. ४ माथि छलफल गर्दा सडक डिभिजन पाल्पाको प.सं. ०८२/०८३, च.नं. ७९१, मिति २०८२/११/१२ गतेको पत्रानुसार उक्त कार्यालय र कस्यप निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि., कलकी काठमांडौ बिच सम्झौता भई संचालनमा रहेको ठेक्का न. DROPLP/337011764/079/80/02 (Re), Roadway Excavation, Structural Works and Bituminous Pavement Works on Keladi Panthe Sahalkot-Jhyalbas Road, (Ch: 0-000-7+000), Palpa मा आवश्यक पर्ने १०००० (दश हजार) घ.मी. नदिजन्य निर्माण सामग्री हेभी इक्विप्मेन्ट प्रयोग गरी त्यस पालिकामा पर्ने निस्दी खोलाबाट उत्खनन् गर्ने प्रयोजनार्थ रामपुर नगरपालिकालाई सिफारीस गरीपाउँ भनी उक्त कार्यालयमा निर्माण व्यावसायीबाट अनुरोध भै आएकोले नियमानुसार राजश्व दस्तुर लिइ उपलब्ध गराइ निर्माण कार्यमा सहयोग गरिदिनुहुन भनि लेखि आएकोमा कार्यपालिका बैठकमा छलफल हुँदा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय अध्ययन(IEE) भएको रामपुर नगरपालिका वडा नं. २ र ३ मा रहेको मठार घाटबाट हाललाई २००० घ.मी . निर्माणजन्य सामग्री प्रयोग गर्ने गरी यस कार्यालयमा नियमानुसार राजश्व तिर्ने गरी उक्त घाटबाट नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

८. निर्णय नं. ८, प्रस्ताव नं. ४ माथि छलफल गर्दा ४ नं. वडा कार्यालयको च.नं. १००९, प.सं. ०८२/०८३, मिति २०८२/१२/०१ को पत्रानुसार पाल्पा जिल्ला रामपुर नगरपालिका वडा नं. ४ स्थित वडभान घाट जाने बाटो जिर्ण भई सवारी साधन संचालन तथा पैदल यात्रा गर्न समेत कठिनाई भएको हुँदा उक्त वडभान घाट जाने मो.वा. स्तरोन्नतीका लागी सुनिल अनिल मिलन निर्माण सेवा र स्थानीय वासिन्दाहरुको माग अनुसार उक्त बाटो ग्राबेल तथा स्तरोन्नतीका लागी आवश्यक पर्ने गिट्टी बालुवा उत्खननका लागि आवश्यक औजार/उपकरण (ग्रेडर, रोलर, डोजर) उपलब्ध गराईदिनुहुन सिफारिस साथ अनुरोध छ भनी लेखि आएकोमा उक्त घाटको नदिजन्य सामग्री बापतको राजस्व सोही निर्माण सेवाले नियमानुसार दाखिला गरिसकेकोले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको

लागि हेभी मेसिन प्रयोग गर्नुपर्ने भएकोले आवश्यक औजार/उपकरण (ग्रेडर, रोलर, डोजर) प्रयोगका लागि नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

९. निर्णय नं. ९, प्रस्ताव नं. ४ माथि छलफल गर्दा सशस्त्र प्रहरी बल, नेपाल, नं. ३५ गुल्म हे.क्वा, पाल्पाको पत्र संख्या ०८२/०८३, चलानी नं. ३८०, मिति २०८२/१२/१० गतेको पत्रानुसार विपद व्यवस्थापन एवं उद्धार सामग्रीहरु न्यून भई विपद्जन्य घटनाहरुमा परिचालन हुन कठिन भएकोले तपसिल बमोजिमका उद्धार सामग्रीहरु माग भएकोमा उक्त सामग्रीहरु उपलब्ध गराई आवश्यक सहयोग गर्ने निर्णय गरियो साथै सो बापत लाग्ने खर्च विपद् व्यवस्थापन कोष शीर्षकबाट कट्टा हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| सि.नं. | सामानको विवरण | परिमाण | कै |
|---|---|---|---|
| १ | डायनामिक रोप (Dynamic Rope) | रोल-१ | विपद्जन्य जोखिमको समयमा प्रयोग गर्न सकिने उच्च स्तरको डोरी |
| २ | Auto Locking carabiner | थान-१५ | |
| ३ | Seat Harness | थान-४ | |
| ४ | Figure Eight | थान-४ | |
| ५ | Personal Rope | थान-१५ | |

१०. निर्णय नं. १०, प्रस्ताव नं. ४ माथि छलफल गर्दा पाल्पा जिल्ला रामपुर नगरपालिका वडा नं. ८ रानीवास चोकदेखि परमटारीसम्मको बाटो ग्राभेल अति आवश्यक भएकोले उक्त बाटो ग्राभेल गर्नका लागि आवश्यक बजेट विनियोजन गरिदिनका लागि ८ नं. वडा कार्यालय, रामपुर पाल्पाको च.नं. १०४६, प.सं. ०८२/०८३, मिति २०८२/१२/०२ गतेको पत्र बमोजिम माग भएकोमा कार्यपालिका बैठकमा छलफल हुँदा नगरस्तरीय मर्मत तथा निर्माण खर्च शीर्षक अन्तर्गत रातामाटा-जब्गादी-झिरुछाप-कोरिडोर मो.बा. र कोरिडोर देखि भुजात पक्की तथा झोलुङ्गे पुल मो.बा. वडा नं. ८ अन्तर्गतको योजना रानीबास चोकदेखि पदमटारीसम्म बाटो ग्रावेललाई रु २,००,०००/-(रु दुई लाख) उपलब्ध गराउने निर्णय गरियो ।

११. निर्णय नं. ११, प्रस्ताव नं. ४ माथि छलफल गर्दा निस्दी खोला संरक्षण उपभोक्ता समितिका अध्यक्ष पहल सिं रानाले मिति २०८२/१२/०२ गतेको पत्रानुसार उक्त समितिले बृहत जलधार व्यवस्थापन केन्द्र गण्डकी कास्की जैविक विविधता तथा जलधार व्यवस्थापन कार्यक्रम अन्तर्गत तटबन्ध जाली भर्ने कार्यको लागि खयरबोट घाटमा ढुङ्गा उपलब्ध नभएकोले मठार घाटमा ढुङ्गा पर्याप्त मात्रामा रहेको हुदाँ नगरपालिकाको मापदण्ड अनुसार राजस्व बुझाउने गरी एक सय पच्चीस घनमिटर ढुङ्गा निकासीका लागि यस कार्यालयमा पत्र पेश गरेकोमा यस कार्यालयमा नियमानुसार राजश्व तिर्ने गरी IEE भएको तर ठेक्कामा नलागेको मठार घाट वडा नं. २ र ३ बाट नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

१२. निर्णय नं. १२, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालयमा मिति २०७६/१२/०२ गते नियुक्ति भई यस नगरपालिका र कृष्णपुर नगरपालिकाको दोहोरो सहमति र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/०८/१९ को निर्णय अनुसार काज सरुवा भएका असिष्टेण्ट सब इन्जिनियर सुरेश भण्डारी उक्त नगरपालिकामा समान सेवा, समुह, पद/तहमा पदस्थापनाका लागि सहमति दिने साथै उक्त व्यहोराको जानकारी कृष्णपुर नगरपालिका, गुलरिया, कञ्चनपुर र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदुरपश्चिम प्रदेश, धनगढी कैलालीलाई जानकारी गराउने निर्णय गरियो ।

१३. निर्णय नं. १३, प्रस्ताव नं. ४ माथि छलफल गर्दा सीताकुण्ड कन्स्ट्रक्सन प्रा.लि. को संचालनमा रहेको ठेक्का न. RIDO-PAL-W-SQ-62-2082/083 re "Upgrading of Kattibagaecha Kumalgau Ramtar Swamibhanjyang Lampal Heklang Sadak" मा आवश्यक पर्ने ७० ट्रिप ट्रक्टर ढुङ्गा, ३५ ट्रिप गिट्टी र १५ ट्रिप बालुवा उपलब्ध गराइदिनु हुन भनि निवेदन लेखी आएको हुनाले नदिजन्य निर्माण सामग्री रामपुर नगरपालिका वडा नं. १० मा रहेको कोप्चे घाटबाट हाललाई ७० ट्रिप ट्रक्टर ढुङ्गा, ३५ ट्रिप गिट्टी र १५ ट्रिप बालुवा निर्माणजन्य सामग्री प्रयोग गर्ने गरी यस कार्यालयमा नियमानुसार राजश्व तिर्ने गरी उक्त घाटबाट नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो।

१२. निर्णय नं. १२, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालयमा मिति २०७६/१२/०२ गते नियुक्ति भई यस नगरपालिका र कृष्णपुर नगरपालिकाको दोहोरो सहमति र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/०८/१९ को निर्णय अनुसार काज सरुवा भएका असिष्टेण्ट सब इन्जिनियर सुरेश भण्डारी उक्त नगरपालिकामा समान सेवा, समुह, पद/तहमा पदस्थापनाका लागि सहमति दिने साथै उक्त व्यहोराको जानकारी कृष्णपुर नगरपालिका, गुलरिया, कञ्चनपुर र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदुरपश्चिम प्रदेश, धनगढी कैलालीलाई जानकारी गराउने निर्णय गरियो ।

१३. निर्णय नं. १३, प्रस्ताव नं. ४ माथि छलफल गर्दा सीताकुण्ड कन्स्ट्रक्सन प्रा.लि. को संचालनमा रहेको ठेक्का न. RIDO-PAL-W-SQ-62-2082/083 re "Upgrading of Kattibagaecha Kumalgau Ramtar Swamibhanjyang Lampal Heklang Sadak" मा आवश्यक पर्ने ७० ट्रिप ट्रक्टर ढुङ्गा, ३५ ट्रिप गिट्टी र १५ ट्रिप बालुवा उपलब्ध गराइदिनु हुन भनि निवेदन लेखी आएको हुनाले नदिजन्य निर्माण सामग्री रामपुर नगरपालिका वडा नं. १० मा रहेको बर्दिघाट रा.न.पा-१० बाट हाललाई ७० ट्रिप ट्रक्टर ढुङ्गा, ३५ ट्रिप गिट्टी र १५ ट्रिप बालुवा निर्माणजन्य सामग्री प्रयोग गर्ने गरी यस कार्यालयमा नियमानुसार राजश्व तिर्ने गरी उक्त घाटबाट नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो।